# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.सं. : ०७९/८०
च.नं. : सूचना

डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०९८६
०१-४४५०३५६

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

**पुनः प्रकाशित मिति २०८०/०२/०४**

यस कागेश्वरी मनोहरा नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा नगरपालिकाको आन्तरिक श्रोतबाट व्यवस्थापन हुने गरी तपसिल बमोजिमको शिक्षक करारमा नियुक्ति गर्नुपर्नेमा पूर्व प्रशासित सूचनामा यथेष्ट दरखास्त नपरेकाले पहिले प्राप्त दरखास्तलाई यथावत् राखी पुनः सूचना प्रकाशन गरिएको छ। यस सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र योग्यता पुगेका इच्छुक उम्मेदवारहरूबाट रितपूर्वकको दरखास्त आव्हान गरिएको छ। शिक्षक सेवा आयोगको वैकल्पिक तथा करार सूचीमा रहेका व्यक्तिहरुले तोकिएको समयभित्र निवेदन दिएमा प्राथमिकताका आधारमा स्वतः नियुक्ति दिइने छ।

**तपसिल**

| विज्ञापन नं. | विषय | माग पद संख्या | दरबन्दीको प्रकार | तलब तथा सुविधा | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| ०५/२०७९-०८० | गणित | २ (दुई) | माध्यमिक तृतीय (नगरपालिकाको आन्तरिक स्रोत अन्तर्गत करार) | नेपाल सरकारले तोकेको माध्यमिक तृतीय तहको स्केल | रु १,००० |

**उमेदवारको योग्यता**

१. उमेर १८ वर्ष पुगी ४० वर्ष ननाघेको।
२. गणित विषयमा कम्तिमा स्नातक गरी माध्यमिक तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको।
(सम्बन्धित विषयमा माथिल्लो योग्यता एवम् सूचना प्रविधिको राम्रो ज्ञान सीप भएको उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ।)

**पेश गर्नुपर्ने विवरण र कागजातः**

व्यक्तिगत निवेदन, CV, २ वटा पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपिहरू, अध्यापन अनुमति पत्रको प्रतिलिपि, तालिम एवम् अनुभवसम्बन्धी कागजातहरू

**परीक्षाको किसिमः**

शिक्षक सेवा आयोगको पाठ्यक्रम बमोजिम लिखित तथा अन्तर्वार्ता (आवश्यक परेको खण्डमा प्रयोगात्मक परीक्षा समेत लिन सकिनेछ।)

**दर्खास्त पेश गर्ने स्थानः** नगर कार्यपालिकाको कार्यालय, डाँछी, काठमाडौं।

.............................
(विमल प्रसाद निरौला)
शिक्षा अधिकृत (आठौं)